नेपाल सरकार

भूमी व्यवस्थापन तथा सहकारी गरिबी निवारण मन्त्रालय

भूमी व्यवस्थापन तथा अभिलेख विभाग

# मालपोत कार्यालय, कञ्चनपुर सप्तरी

प.सं.: ०८१/०८२

च.नं.: ८८

मिति: २०८१/४/१४

बिषय: सूचना प्रकाशन गरी जानकारी पठाइदिने सम्बन्धमा ।

श्री सप्तरी जिल्ला अदालत, राजविराज, सप्तरी

श्री जिल्ला प्रशासन कार्यालय, सप्तरी, राजविराज

श्री भुमीसूधार तथा मालपोत कार्यालय, राजविराज, सप्तरी

श्री इलाका प्रशासन कार्यालय, कञ्चनपूर

श्री नापी कार्यालय, कञ्चनपूर

श्री कञ्चनरुप न.पा. कार्यालय, कञ्चनपूर, सप्तरी

श्री तिरहुत गा.पा. कार्यालय, गोइठी

श्री तिरहुत गा.पा. १ नं. वडा कार्यालय, त्रिकौल

श्री अवलोकित दैनिक पत्रिका : २ पटकसम्म प्रकाशन गरिदिन हुन

उपरोक्त सम्बन्धमा भोलाई माझी भन्ने रामप्रसाद कौडगियाको छूट जग्गा दर्ता नामसारी सम्बन्धी हकदावी बिषयक ३५ दिने सूचना थान १ यसै पत्रसाथ पठाइएको छ । तहाँको सूचना पाटीमा टाँस गरी जानकारी पठाइदिन अनुरोध छ ।

# मालपोत कार्यालय कन्चनपुर, सप्तरीबाट जारी छुट जग्गा दर्ता सहित नामसारी

## हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सुचना

मिति: २०८१/४/१४

सप्तरी जिल्ला बदगामा गा.वि.स. वा.नं. ३ हाल परिवर्तित ठेगाना कन्चनरुप न.पा. वा.नं. १० बस्ने बद्री नारायण कौडगिया र सूर्य नायण यादव समेतले हाम्रो बूवा राम प्रसाद कौडगियाको नाममा नाप नक्सा भई दर्ता हुन छुट तपसील बमोजिमको जग्गा रहेकोमा राम प्रसाद कौडगियाको मिति २०७२।८।१० मा, निजको एकमात्र पत्नि कारीदेवी कौडगिया यादवनी पनि मिति २०६६।११।१५ मा मृत्यू भएको, निजहरुको अविवाहित छोरीहरु कोही नभई चार मात्र छोराहरु हामी निवेदकहरु बद्रि नारायण कौडगिया र सूर्य नारायण यादव मात्र रहेकोले हाम्रो नाममा छूट जग्गा दर्ता गरी नामसारी गरी पाऊँ भन्ने व्यहोरा खूलाई यस कार्यालयमा द.नं. ७०२२ मिति २०८१।२।२० मा निवेदन मागदावी गरेकोमा निवेदकहरुको नाममा छूट जग्गा दर्ता नामसारी गरी जग्गाधनी प्रमाणपुर्जा दिन नमिल्ने कूनै कारण भए वा माग निवेदन बमोजिम छूट जग्गा दर्ता नामसारी हून नपर्ने कूनै कारण भए सरकारी, सार्वजनिक, पर्ती, ऐलानी, गूठी लगायत अन्य सांध संधियारको जग्गा घूसी घूसाई नांप जांच भएको भए वा कसैले उल्लिखित जग्गाको हकमा दर्ता नामसारीको लागि यस पूर्व मिसिल भिडाई दर्ता प्रक्रियामा रहे/भएको भए वा उल्लिखित किता जग्गाहरुको हकभोग स्वामित्वमा असर पर्न जाने भए यो सूचना टांस प्रकाशन भएको मितिले बाटोको म्यादबाहेकः ३५ (पैतींस) दिन भित्र लेखिए बमोजिमको जग्गाको स-प्रमाण सहित यस कार्यालयमा उजूर/दावी गर्न आउनूहोला । तोकिएको म्यादभित्र कोही कसैको उजूर/दावी पर्न नआए माग दावीलाई स्वीकार गरेको मानी कानूनबमोजिम छूट जग्गा दर्ता नामसारी भई जाने र यस विषयमा पछि कसैको कूनै दावी नलाग्ने व्यहोरा समेत यसै सूचनाद्वारा अवगत गराइन्छ ।

तपसील

| मृतक ज.ध. | ज.ध. को बाबूको नाम | ज.ध. को बाजेको नाम | जिल्ला | गा.वि.स. | वा.नं. | किं.नं. | क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| राम प्रसाद कौडगिया | बौकाई कौडगिया | तनुकलाल कौडगिया | सप्तरी | त्रिकौल | ७क | ४९ | ०-२-२ | फिल्डबूक उत्तारको कैफियत महलमा त्रिकौल वा.नं. ७ बस्ने राम प्रसाद कौडगियाको नम्बरी हो उल्लेख रहेको । |

..............

मालपोत अधिकृत

मालपोत कार्यालय,

कन्चनपुर, सप्तरी